# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/११/१० गते शुक्रवार देखि २०६४/११/१६ गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ६८ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३८८६ कारोवारबाट ४४ करोड ७ लाख ३ हजार रुपैयाँ बराबरका ५ लाख ७ सय कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३९.८४ प्रतिशतले वृद्धि हो । गत साता ३०९५ शेयर कारोवारबाट ३१ करोड ५१ लाख ३० हजार रुपैयाँ बराबरका ४ लाख २१ हजार ७ सय कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २९ करोड ४५ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ६६.८४ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ०.८७ अंकले वृद्धि भई अन्तिम दिन ७५६.७६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७३३.८२ | ३९२.७५ | ४१३.५६ | ८१७.४७ | १२०२.८० | १६२.३२ | ७९२.५९ | ९६२.७६ | १०८२.४५ | ७५५.८९ | १९२.६३ |
| दोस्रो | ७४२.०८ | ३९२.७५ | ४१३.५६ | ८१७.४७ | १२१३.२६ | १६२.३२ | ७८६.०६ | ९५५.६१ | १०८०.६१ | ७६१.१७ | १९४.३९ |
| तेस्रो | ७४०.८२ | ३९२.७५ | ४१२.७९ | ८१७.४७ | १२०२.५१ | १६२.३२ | ७८२.८३ | ९५९.६९ | १०७३.३६ | ७५९.५१ | १९४.१७ |
| चौथो | ७३०.५६ | ३९२.७५ | ७१२.७९ | ८१७.४७ | ११९१.४६ | १६२.३२ | ७८३.१९ | ९६२.५३ | १०६४.०५ | ७५१.८१ | १९२.१३ |
| पाँचौं | ७३९.२९ | ३९२.७५ | ७१२.०२ | ८१७.४७ | ११८२.५६ | १६२.३२ | ७६९.८० | ९६६.४४ | १०६२.१७ | ७५६.७६ | १९४.०० |
| परिवर्तन (अंकमा) | ५.४७ | ०.०० | -१.५४ | ०.०० | -२०.२४ | ०.०० | -२२.७९ | ३.६८ | -२०.२८ | ०.८७ | १.३७ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १.३७ अंकले ह्रास भई १९४.०० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (७ करोड २६ लाख रुपैयाँ) का आधारमा स्ट्याण्र्डड चाटर्ड वैंक तथा शेयर संख्या (१ लाख ७३ हजार कित्ता), को आधारमा नेशनल हइड्रो पावर कम्पनी र कारोवार संख्या (४३६) को आधारमा अन्नपूर्ण विकास वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्यार्ण्डड चाटर्ड वैंक | ७२.६२ |
| २ | वैंक अफ काठमाण्डू | ५१.८९ |
| ३ | नेशनल हाइड्रो पावर कम्पनी | ५०.४१ |
| ४ | किष्ट मर्चेण्ट वैंकिगं एण्ड फाइनान्स | २८.८९ |
| ५ | एन.आई.सि. वैंक | २१.४५ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएको छैन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ रु.१०४ करोडको विकाश ऋणपत्र २०७६ "ख" तथा स्वावलम्वन विकास वैंकको ५०,००० कित्ता वोनस शेयर, छिमेक विकास वैंकको २,१०,००० कित्ता वोनस शेयर र स्ट्यार्ण्डड चाटर्ड वैंकको २०,७५,२९२ कित्ता वोनस शेयर सूचिकृत भएको छ ।